नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# मालपोत कार्यालय, दोलखा

फोन : ०४९–४२१११९
फ्याक्स : ०४९–४२१०८२
email:
dolakha@dolma.gov.np

# सूचना ! सूचना !! सूचना !!!

**मितिः-२०८२/०२/२१**

दोलखा जिल्ला साविक सुस्पाक्षमावती गा.वि.स. वडा नं. ७ को हाल भिमेश्वर नगरपालिका वडा नं. १ बस्ने देवि प्रसादको नाती/नातिनी/बुहारी महा प्रसादको छोरा/छोरी/श्रीमती संखर प्रसाद शिवाकोटीका नाममा नापनक्सा भएको तपशिलमा उल्लेख भएको जग्गाहरु दर्ता छुट भएकोमा निज संखर प्रसाद शिवकोटीको मिति २०५३/०४/३१ मा मृत्यु भएकोले निजको सबैभन्दा नजिकको हकदार एकमात्र श्रीमती मैया शिवाकोटी रहेको भनी भिमेश्वर नगरपालिका १ नं. वडा कार्यालयको चलानी नम्बर ८५९ मिति २०८०/११/०६ को किटानी सिफारिसका आधारमा आफ्नो नाममा जग्गादर्ता/नामसारी गरिपाउँ भनि माग निवेदन पेश भएको हुँदा निवेदक उक्त जग्गाका वास्तविक जग्गाधनी हुन, होईनन् ? उक्त कित्ता जग्गा सरकारी, सार्वजनिक, विर्ता वा गुठी अन्तर्गतको हो, होईन ? निवेदकका नाममा रैकर तर्फ छुट जग्गा दर्ता/नामसारी नहुनु पर्ने भए वा निवेदक बाहेक अरुको समेत हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिलः (फिल्डबुकको विवरण)

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोहीको | जग्गावालाको नाम, थर | विरह/प्रमाण संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सुस्पाक्षमावती | ३ | ७०५ | ००६६५ व.मी. | | संखर प्रसाद शिवाकोटी गा.वि.स.क्षमावती वार्ड नं.७ ना.प्र.नं. बाबुः- महा प्रसाद बाजेः- देवी प्रसाद | मकै/सिम/लामाचौर | |
| सुस्पाक्षमावती | ३ | ८३४ | ०००२० व.मी. | | | मकै/सिम | |
| सुस्पाक्षमावती | ७ | ११६ | ०१९१० व.मी. | | | उतिस/चाहार/खोकवारी | |

पुनश्चः-
निवेदक सो जग्गाको साविक तिरो पेश गरेको, लगत प्रतिलिपि तथा ७ नं. फाँटबारी लगायत कागजात भुकम्पमा परि हराएको भनि निवेदनमा उल्लेख गरेको । यस कार्यालयमा रहेको साविक लगत अनुसुचि तथा ७ नं. फाँटबारी लगायतका कागजात द्वन्दको समयमा जलेको व्यहोरा समेत अवगत गराईन्छ ।